स्थानीय सरकार
आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४

पत्र संख्या: २०८३/०८४
चलानी नम्बर :

मिति २०८३/०६/२१
ने.सं.११४६

## प्रेस विज्ञप्ति

यस आठविसकोट नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष केशरमान वि.क. माथि प्रहरीबाट कुटपिट भएको र कर्तव्य पालनाको क्रममा रहेका राष्ट्र सेवक प्रहरी माथि हातपाल गरिएको भन्ने सुनिएको छ । यो घटना किन र कसरी भयो, यसको तथ्यपरक छानबिन होस । बर्षौ सम्म सडक निर्माण कार्य पुरा हुन नसक्दा वडा नं १,२ र ३ का जनताले पाएको दुःख र विभिन्न दुर्घटना बाट भएको जनधनको क्षति बारे अरुलाई भन्दा दुःख भोग्ने त्यहाँका जनतालाई बढी थाह छ, उक्त सडक खण्डमा वडा अध्यक्ष कै भाई गोपाल वि. क.ले बारम्वार बाधा अवरोध गर्ने गरेको आम मानिसलाई थाह छ । दाँजेबाट खदी स्याला जोड्ने सडकको ठेकेदारले पनि यिनै व्यक्तिहरुले काम गर्न नदिएको गुनासो गर्दै आएका छन ।

आफ्नै गाउँ जाने सडक छिटोछरितो र गुणस्तर बनाउनुको सट्टा निरन्तर अवरोध पुर्‍याउने कार्यले गर्दा त्यस क्षेत्रका जनता बोल्न नसके पनि गहिरो पिडा सहेर बसेका छन । व्यक्ति विशेषको दादागिरीले जनताको बाटो घाटो नबन्ने स्थिती आउन दिनु हुदैन । प्रशासनले गम्भिरता पुर्वक सो बाटोको काम सुचारु गराउन त्रास मुक्त वातावरणमा विकास निर्माणका काम अघि बढाउन ठोस पहल गरोस । यी सडकमा निर्माण व्यवसायीहरुलाई विना अवरोध काम गर्ने वातावरण बनाउन राज्य र प्रशासन सँग जोडदार अपिल गर्दछु ।

2082/06/29

धनकुमारी शाही
का.वा. नगर प्रमुख

धन कुमारी शाही
का.वा. नगर प्रमुख